बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीले सातै प्रदेशमा केकस्तो लगानी गर्न सकिन्छ भनेर बहस सुरु गरिएको जानकारी दिए । प्रदेशबीच लगानी भित्र्याउने प्रतिस्पर्धा हुन सकोस् भनेर बहस र छलफल सुरु गरिएको भन्दै उनले यसले गर्दा आर्थिक विकासका लागि गर्न सकिने सम्भाव्य कामहरू पहिचान गर्न मद्दत पुग्ने बताए । यसका लागि उद्योगी-व्यवसायीको महत्त्वपूर्ण भूमिका हुने भन्दै अधिकारीले पहल गर्न आग्रह समेत गरे ।

सहभागीले पर्यटन, कृषि, जलस्रोतलगायत महत्त्वपूर्ण क्षेत्रमा लगानी भित्रिन सके यिनै क्षेत्रबाट प्रदेश उन्नतिमा ठोस उपलब्धि हासिल हुन सक्ने बताए । यसका लागि सरकारले निजी क्षेत्रसमेतको सहयोगमा नीति बनाउनुपर्ने सहभागीको जोड थियो । जडिबुटी पनि यस क्षेत्रको अर्को सम्भावना भएको उनीहरूले औंल्याएका थिए ।

बोर्डले प्रदेश १ मा लगानी गर्ने सम्भावनाबारे मुख्यमन्त्रीसहितको प्रतिनिधित्वमा अन्तर्क्रियासमेत गरेको छ । यो प्रदेशमा झापाको काँकडभिट्टादेखि कोसीसम्म रेलमार्ग तयार गरेर विराटनगरलाई जोड्न सकिने, तमोर जलविद्युत, सौर्य ऊर्जा, औद्योगिक पार्क निर्माण, विशेष आर्थिक क्षेत्रलगायत क्षेत्रमा लगानी ल्याउन सकिने बोर्डले जनाएको छ ।

उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अविनाश बोहराले यातायात र ढुवानीका कारण खर्च बढ्ने गरेको भन्दै यसलाई कम गर्न सकिनेमा ध्यान दिनुपर्ने बताए । रेलमार्ग निर्माण र विस्तार गर्न सकिए ढुवानी खर्च निकै कम गर्न सकिने धारणा उनले राखे ।

महासंघको प्रदेश समितिका अध्यक्ष नरेन्द्र खडकाले लगानीको वातावरण बनाउन सरकार र अन्य निकायले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने भन्दै यसका लागि निजी क्षेत्र सहकार्य र सहयोग गर्न तयार रहेको बताए । महासंघ प्रदेश १ का उपाध्यक्ष राजेन्द्र राउतले सकेसम्म स्वदेशी लगानीकर्तालाई प्रोत्साहन गर्नुपर्ने उल्लेख गर्दै नसक्ने अवस्थामा मात्रै बाहिरी लगानीतिर ध्यान दिनुपर्ने बताए ।

प्रदेश सरकारका प्रतिनिधिसँगको छलफलका क्रममा मुख्यमन्त्री शेरधन राईले लगानीकर्तालाई सधैं स्वागत गरिने बताए । 'प्रदेश विकासका लागि स्वदेशी र विदेशी लगानीकर्तालाई स्वागत गर्छौं,' उनले भने ।

१४ वटा जिल्ला समेटिएको तराई, पहाडी र हिमाली क्षेत्रसमेत पर्ने यो प्रदेश कृषिमा अग्रणी छ । औद्योगिक गतिविधिको सुरुवातकर्ता भएकाले उद्योगको क्षेत्रमा पनि पर्याप्त सम्भावना भएको प्रदेशका रूपमा परिचित छ । यसैगरी जलस्रोत उपयोग गरी ठूला जलविद्युत् आयोजना सञ्चालनमा पनि उत्तिकै सम्भावना छ । शिक्षा र स्वास्थ्योपचारको क्षेत्रको केन्द्र बन्दै गरेका सहरहरू यो प्रदेशमा पर्छन् । जोगबनीदेखि किमाथांकासम्मको सडक निर्माण सम्पन्न भएपछि व्यापारिक दृष्टिले निकै फाइदा हुने अवस्था छ ।

अपराध नियन्त्रणमा विशेष अभियान

कान्तिपुर संवाददाता

संखुवासभा- दुर्लभ वन्यजन्तु सालकको खपेटा गैरकानुनी ढंगले रकम लिएर छाडेको आरोपमा प्रहरी जवान प्रकाश कार्की र रुद्रबहादुर बस्नेत पक्राउ परे । भोटखोला गाउँपालिमा पर्ने स्याक्सिलामा कार्यरत उनीहरूलाई गत माघ २८ गते पक्राउ गरिएको हो ।

उनीहरूलाई भोटखोला ४ को तीनतलेमा एक जना तस्करबाट एक लाख नगद लिएको भेटिएपछि निलम्बन गरियो । खपेटा र तस्करलाई बाटैमा छाडेर दुवै प्रहरी जवानले एक लाख नगद लिएको प्रमाण भेटियो । नगद लिनासाथ गोप्य सूचना डीएसपी सन्तोष खडकालाई आएपछि उनीहरूलाई खनतलास गर्दा नगद भेटिएको थियो ।

आगो लागेको स्थानमा पठाएको ती जवानले फर्किने क्रममा तस्कर भेटेका थिए । रकम लिएर छाडेको प्रमाण पाएपछि हामीले दुवै जनालाई समात्यौं, उनले भने, 'सर्च गर्दा एक लाख भेटियो, उनीहरूलाई निलम्बन गरेर अनुसन्धान गरिरहेका छौं ।' गैरकानुनी ढंगले काम गर्ने कसैलाई उन्मुक्ति नदिने उनले बताए ।

प्रहरीले माघ २ गते नै भोटखोला २ चेपुवा च्यास्टाडका कर्म भोटेलाई पुरानो बुद्धको मूर्ति सहित समात्यो । उसको साथबाट बौद्धलिपि, चाँदीका गरगहना, हिउँमाला, मुगामाला, सिमाला लगायतका बहुमूल्य वस्तु फेला पार्‍यो । यी घटना उदाहरण दिँदै डीएसपी खड्काले साउन ४ बाट सुरु गरेको अप्रेसन मनकामनाको पहिलो चरण सम्पन्न भएको जानकारी दिए । प्रहरीले मंगलबार पत्रकार सम्मेलन गरेर यो ८ महिनामा भएका घटनाको सार्वजनिक गरेको हो ।

धमाधम पक्राउ पर्दै अभियुक्त

यी ८ महिनामा गुण्डागर्दी नियन्त्रण, सामाजिक अपराधका घटना, अवैध लागूऔषध/चोरी निकासी, अपराध अनुसन्धान तथा नियन्त्रणमा उपलब्धि भएको उनले बताए । यो अवधिमा १ सय १५ मुद्दा दर्ता, ९ जना फरार भएका व्यक्ति पक्राउ, घरेलु हिंसाका १७, जबरजस्ती करणीमा ७, जबरजस्ती करणी उद्योगमा ४, बहुविवाहमा २ मुद्दा दर्ता भएका छन् ।

विभिन्न स्थानबाट २ थान भरुवा बन्दुक सहित एक जना पक्राउ, ४८ जनालाई सार्वजनिक मुद्दा, जबरजस्ती करणी गर्ने ८ जना, चोरी मुद्दाका ८, भालुको पञ्जासहित १, गौवध मुद्दामा ५ जनालाई पक्राउ गरेर मुद्दा चलाइएको उनले बताए ।

३ हजार ५ सय लिटर जाड, ७ हजार ५ सय लिटर रक्सी, ९ हजार २ सय लिटर सरुवा र घरेलु मदिरा निर्माणमा प्रयोग गरिने सामग्री पनि नियन्त्रण गरिएको छ । विभिन्न स्थानमा ५ सय १७ बोट गाँजा फँडानी गरेको उनले बताए । प्रहरी र जनतासँगको सहकार्यमा सञ्चालन गरिएको यस्ता प्रकारका कार्यक्रम प्रभावकारी देखियो, उनले भने, 'प्रहरीलाई थप सूचनाको स्रोत र अपराध अनुसन्धान लगायत सामाजिक सुरक्षाका क्षेत्रमा सहज भयो ।'

सामाजिक क्षेत्रमा सबै प्रकारका गुनासाहरू प्रहरीलाई जानकारी हुने वातावरण मिल्यो, उनले भने, 'प्रहरीको कार्य क्षेत्रमा नयाा आयामको सुरुवात भएको महसुस गरेका छौं ।' यो जिल्लालाई अपराधरहित जिल्ला बनाउन अप्रेसन मनाकामनाले उच्कृष्ठ भूमिका खेलेको उनले बताए ।

जिल्ला प्रहरी कार्यालयमा ४ सय ८६ दरबन्दी भए पनि ३ सय ८३ मात्र कार्यरत भएको बताए । यहाँ जिल्ला प्रहरीसहित इलाका प्रहरी ३ र ३० प्रहरी एकाइ रहेको बताए । यी सबैमा अप्रेसन मनकामना चलाइएको थियो । पर्याप्त सुरक्षाकर्मी भए आपराधिक क्रियाकलाममा कमी आउने उनको भनाइ छ । दरबन्दीअनुसारका कर्मचारी नहुँदा समस्या भएको उनले बताए ।

आगलागीपछि विजोग



बराहक्षेत्र नगरपालिकाको मधुवनमा गत शनिबार राति आगलागी भएपछि थप राहत र पुनःस्थापनाको पर्खाइमा आगलागी पीडितहरू । *तस्बिर : प्रदीप*

महिला र बालबालिका बढी प्रभावित
पुनःस्थापनाका लागि दैवीप्रकोप व्यवस्थापन समिति बैठक बस्दै

■ प्रदीप मेन्याङ्बो

धरान- गत शनिबार राति सुनसरीको बराहा क्षेत्र नगरपालिका वडा नं. ११ मधुवनमा बाँतर बस्ती सखाप पारेपछि आगलागीपीडित खुला आकासमुनि त्रिपालमा बस्न बाध्य छन् । उनीहरूलाई जिल्ला दैवीप्रकोप व्यवस्थपन समितिले प्रतिपरिवार पाँच हजारका दरले नगद दिए पनि पर्याप्त नभएको बताएका छन् ।

घुर बालेको आगोबाट आगलागी भएको बताइएको आगलागीमा परी २ सय ४५ परिवारका ५० घर पूर्णरूपले जलेर खरानी भएपछि सबैभन्दा प्रभावित महिला र बालबालिका भएका छन् । आगलागी भएपछि खानेपानी र शौचालयको समस्या छ । खानेपानी डिभिजन कार्यालयले आगलागीपीडितलाई खानेपानी र शौचालयको व्यवस्था गरिदिने खानेपानी डिभिजन कार्यालयका प्रमुख देवनाथ सिंहले बताए पनि तत्काल व्यवस्था हुन सकेको छैन ।

सुनसरीका सहायक सिडियो अनुज भण्डारीले जिल्ला दैवीप्रकोप समितिले आगलागी पीडितलाई पुनःस्थापना गर्न बैठक बस्ने बताए । उनले भने, 'उद्धारको काम सकिएको छ । विभिन्न संघसंस्थामार्फत राहत दिने क्रम जारी छ । अब उनीहरूलाई पुनःस्थापना गर्नका लगि ठोस निर्णय हुन बाँकी छ ।'

उनले आगलागी पीडितका लागि बस्ने घर बनाइदिने केही संघसंस्थालले भनेपछि के कसरी व्यवस्थापन गर्ने भनेर निर्णय हुन बाँकी रहेको बताए । उनका अनुसार यसअघि जिल्ला दैवीप्रकोप समितिले प्रतिपरिवार पाँच हजारका दरले नगद सहयोग गरेको छ भने सोमबार बराह क्षेत्र नगरपालिकाको स्थानीय विपद व्यवस्थापन समितिले प्रतिपरिवार चार हजार रुपैयाँ वितरण गरेको छ ।

जिल्ला बालकल्याण समितिले प्रारम्भिक चरणमा गरेको सर्वेक्षणबाट ७० जना बालबालिका प्रभावित भएका छन् । घरमा भएको सबै शैक्षिक सामग्रीसहित विद्यालयको पोसाकसमेत जलेर खरानी बनाइदिएपछि उनीहरूको कन्तविजोग भएको छ । अधिकांश बालबालिकाको अन्तिम परीक्षा चलिरहेका बेला बस्तीमा आगलागी भएपछि उनीहरूको शैक्षिक जीवन अस्तव्यस्त भएको छ ।

कक्षा नौमा अध्यरत रोशन चौधरीले भने, 'स्कुलमा परीक्षा चलिरहेको छ, यता आगलागीले किताव कलम, लुगा सबै जले कसरी परीक्षा दिनु ?' बाल विकास केन्द्रमा पढ्नेदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीको पढाइसमेत प्रभावित भएको महिला तथा बालबालिका कल्याण समितिका सदस्य डीवी शाहशंकरले बताए । उनका अनुसार आगोले घरसहित सबै सामान जलेर भएपछि पढ्ने विद्यार्थीहरूलाई गाह्रो भएको छ ।

सबै आगलागीपीडितको शरीरमा लगाएको एक सरो कपडाबाहेक अरू केही छैन । त्रिपाल भए पनि ओढ्ने ओछ्याउने समेत छैन । शनिबार राति इक्राइको बाँतर बस्तीका ५० परिवारको १ सय २ वटा घर पूर्ण रूपले जलेर नष्ट भएको थियो । आगलागीमा १ करोड ८७ लाख मूल्य बराबरको क्षति भएको बराह नगरपालिकाका मेयर निलम खनालले बताए । पीडितहरूको करिव ६ लाख नगद, ५० लाख बढीको गरगहना, ५० लाख बराबरको धान, गहुँ, चामल र भाँडावर्तन तथा १० लाख बरावरको पशु चौपया र १० लाख बरावरको पशु आहार तथा ६० लाख बराबरको घर जलेर नष्ट भएको थियो ।

'वैज्ञानिक वन व्यवस्थापन' विवादमा

धरान (कास)- वैज्ञानिक वन व्यवस्थापनको नाममा सुनसरीका सामुदायिक वन र राष्ट्रिय वन फँडानी गरेर अनियमितता गरेको आशंका गर्दै उपभोक्ताले आशंका गर्दै फँडानी रोक्न माग गरेका छन् ।

जिल्ला वन कार्यालयले सुनसरीका ६४ सामुदायिक वनलाई हस्तान्तरण गरेका ९ हजार ६ सय हेक्टर क्षेत्रफलको वन र राष्ट्रिय वन रहेका २४ हजार ९ सय ९२ हेक्टरलाई वैज्ञानिक वन व्यवस्थापनको नाममा फँडानी भइरहेको छ । वन विभागमार्फत टेन्डर पारेका ठेकेदारले रूख काट्ने मेसिन प्रयोग गरेर वन फँडानी गरेको उपमहानगरस्थित हिमाली सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष पर्शुराम वाइबाले बताए । सुनसरीका वन अधिकृत राजेन्द्रप्रसाद निरौलाले गत पुस २९ गते हिमाली सामुदायिक वनले संरक्षण गर्दै आएको र राष्ट्रिय वनको सिमानाको रूखलाई मेसिनले काटेर उद्घाटन गरेका थिए ।

वन विभागले वैज्ञानिक वन व्यवस्थापन गर्न वन फडानी गरेको भन्दै आए पनि वन संरक्षण गर्दै आएका अधिकांस सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीलाई विस्तृत जानकारी छैन । समितिलाई नै विस्तृत जानकारी नभएपछि वन विभागले सुरु गरेको 'वैज्ञानिक वन व्यवस्थापन योजना' प्रति शंका उब्जिएको छ ।

सामुदायिक वन उपभोक्ता समिति महासंघ सुनसरीका अध्यक्ष केशव गौतमले वन विभागले सुरु गरेको वैज्ञानिक वन व्यवस्थापनले वातावरण, पर्यावरण र वनमा आश्रित जीवजन्तु पशुपक्षी प्रति कुनै संवेदनशीलता नबोकेकाले आपत्ति जनाएको बताए । उनले भने, 'वैज्ञानिक वन व्यवस्थापनको नाममा जैविक विविधतालाई समेत ख्याल गरिएको नपाइएपछि यो योजनाप्रति सामुदायिक वन उपभोक्ता समितिले असहमति जनाएको हो ।'

उनले 'दिगो वन व्यवस्थापन हो की वनको दिगो व्यवस्थापन हो' त्यो फरक नदेखिएको उल्लेख गर्दै रूख कटान उचित नभएको तर्क गरे । उनले पृथ्वीका जीवन जन्तुका लागि 'लाइफ लाइन' नै वन भएकाले वैज्ञानिक वन व्यवस्थापनको नाममा जथाभावी रूख कटान गर्नु कुनै हालतमा स्वीकार्य नहुने बताए ।

वन अधिकृत राजेन्द्रप्रसाद निरौलाले सामुदायिक वन उपभोक्ता समितिले विवाद निकालेको बताए ।

Murarka Organisation

पुर्वको नम्बर १

कहिल्यै नछुट्ने सम्बन्ध

३० वर्ष देखिको प्रगाढता, अझै कायम, अझै प्रगतिशील



SINCE 1985

Pashupati TMT BAR

कोइरालाको स्मृति

'सहमति र सहकार्य अझै सान्दर्भिक'



फोटो प्रदर्शनीमा अवलोकन गर्दै प्रदेश १ का मुख्यमन्त्री शेरधन राईलगायत । *तस्बिर : देवनारायण साह*

कान्तिपुर संवाददाता

मोरङ- पूर्वप्रधानमन्त्री तथा कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको ८ औं स्मृति दिवसका अवसरमा मंगलबार विराटनगरस्थित कोइराला निवासमा फोटो प्रदर्शनी गरिएको छ । जिपी कोइराला फाउन्डेशनले आयोजना गरेको प्रदर्शनीमा गिरिजाप्रसादको विभिन्न समयमा खिचिएको ५५ वटा तस्बिर प्रदर्शनीमा राखिएको हो ।

यसै अवसरमा आयोजित कार्यक्रममा प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले मुलुकमा जनतालाई मालिक बनाउने आन्दोलनामा कोइराला महानायक भएको बताए । 'उहाँको स्पष्ट अडान र प्रस्ट दृष्टिकोणले निरंकुश राजतन्त्र अन्त्य र प्रजातन्त्रको बहाली भयो,' उनले भने, 'त्यति बेला अलमलिएको नेपाली राजनीति र नेपाली समाजलाई गिरिजाप्रसाद कोइरालाले दिशानिर्देशन गर्नुभयो जसले सम्पूर्ण नेपालीलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको नागरिक बनाएको छ ।'

गुमिसकेको प्रजातन्त्र फर्किने आश मारिसकेका आम नेपालीले कोइरालाको अडान र दृढताले प्रजातन्त्रको पुनर्बहाली भएको उनको भनाइ थियो । 'मुलुकलाई कोइरालाको नेतृत्व प्राप्त नभएको भए अस्तित्व नै समाप्त हुने स्थिति सृजना भएको थियो,' मुख्यमन्त्री राईले भने, 'उहाँले देखाएको बाटोअनुसार मुलुकमा तीन तहको सरकार गठन भएर शान्ति स्थापना भइसकेको र अब मुलुक समृद्धि र विकासको बाटोमा अग्रसर भइसकेको छ ।' सबैले साझा एजेन्डा बनाएर मुलुकलाई समृद्ध र विकसित बनाएर उहाँको सपना पूरा गर्न सबैको योगदान आवश्यक भएको उनले बताए ।

कोइरालाले छोडेर गएको मुलुक र युग बनाउने जिम्मेवारी पूरा गर्न सबैले दम्भ र अहंकार त्यागेर लाग्नुको विकल्प नभएको उनले बताए । 'प्रदेश १ लाई मुलुकमा नमुना र समृद्ध प्रदेश बनाउन सबैलाई एकजुट भएर अगाडि बढ्ने बेलामा दम्भ र अहंकारको सोचबाट मुक्त हुनुपर्छ,' उनले भने, 'प्रदेशको स्थायी राजधानी र नामकरण छिट्टै टुंग्याउँछौं, अप्ठ्यारो र असहज छ भन्दै चुप लागेर हुँदैन ।'

उनले मुलुकमा प्रजातन्त्र प्राप्तिमा कोइराला परिवारको अहं योगदान रहेकाले संग्रहालय बनाउने प्रतिबद्धता जनाए । प्रतिनिधिसभा सदस्य तथा कांग्रेसका केन्द्रीय सदस्य डा. मिनेन्द्र रिजालले शान्ति र संविधानसभाबाट संक्रमणकालीन अवस्थाबाट मुलुकलाई निकास दिने मार्ग देखाउने गिरिजाप्रसाद कोइरालाको सपना समृद्ध र विकसित मुलुक बनाउन कांग्रेसको सदैव सहयोग रहने बताए ।

'संविधानमा सर्वस्विकार्यता बढाउन एमाले, माओवादी केन्द्र र मधेसवादी दल एक ठाउँ उभिएको छ,' उनले भने, 'सबै मिलेर संविधान संशोधनका लागि अघि बढे कांग्रेसको साथ सहयोग रहन्छ ।'

नेपालको उन्नतिका लागि औद्योगीकरण र नेपालीको मुक्तिका लागि आन्दोलन गर्ने विराटनगरलाई प्रदेश १ को स्थायी राजधानी बनाएर मुलुकमा भएको सम्पूर्ण परिवर्तनको सम्मान गर्न उनले आग्रह गरे । संघीय मामिला तथा कानुन मन्त्री हिक्मत कार्कीले प्रजातन्त्र प्राप्तिमा कोइराला परिवारको योगदान अविस्मरणीय रहेको बताए । कांग्रेस जिल्ला सभापति डिगबहादुर लिम्बूले कोइराला निवासमा जिपी संग्रहालय निर्माण गर्न आग्रह गरे ।

सम्झनामा कोइराला

पूर्वप्रधानमन्त्री तथा कांग्रेस नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा १० बर्ष द्वन्द्वबाट मुलुकले निकास पायो । उनकै नेतृत्वमा गुमिसकेको प्रजातन्त्र पुनःस्थापना भएको थियो । शान्ति स्थापनाका लागि पनि नेतृत्वदायी भूमिका निर्वाह गरे । पाँचपटकसम्म मुलुकको प्रधानमन्त्री बनेका कोइराला कुशल संगठक मानिन्थे । उनको आठौं स्मति दिवसका अवसरमा विराटनगरमा मंगलबार विशेष कार्यक्रम आयोजना गरिएको थियो । जीपी फाउन्डेशनले आयोजना गरेको कार्यक्रममा सहभागीलाई सोधिएको थियो- गिरिजाप्रसाद कोइरालालाई कसरी सम्झनुहुन्छ ? प्रस्तुत छ, सहभागीको भनाइ :



शेरधन राई
मुख्यमन्त्री प्रदेश १

जनतालाई मालिक बनाउने महानायक हुनुहुन्थ्यो । उहाँको स्पष्ट अडान र प्रस्ट दृष्टिकोणले निरंकुश राजतन्त्रको अन्त्य र प्रजातन्त्रको बहाली भयो । मुलुकमा अलमलिएको नेपाली राजनीति र नेपाली समाजलाई गिरिजाप्रसाद कोइरालाले दिशा निर्देश गर्नुभयो जसले सम्पूर्ण नेपालीलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको नागरिक बनाएको छ ।



पुनम सिंह
विराटनगर ९

देश र जनताका लागि मरिमिट्ने नेता हुनुहुन्थ्यो गिरिजाप्रसाद कोइराला । उहाँले सबै जातजाति, भाषा, धर्म, वर्ग, समुदाय, लिङ्ग, क्षेत्रका व्यक्तिहरूलाई मात्रै होइन मुलुकका अन्य पार्टीलाई समेटेर नेतृत्व प्रदान गर्ने क्षमतावान नेता हुनुहुन्थ्यो । उहाँले सबै पार्टीलाई समेटेर गुमिसकेको प्रजातन्त्र फर्काउन सफल हुनु भएको थियो ।



पुष्कर आचार्य
नेता, ट्रेड युनियन

गिरिजाप्रसाद कोइरालाले मजदुरहरूसँग मिलेर प्रजातन्त्र प्राप्तिको आन्दोलन गर्नुभयो । यसले मजदुरहरू सधैंभरि गर्व गरिरहने छन् । उहाँले मजदुरहरूको सुखदुःख नजिकबाट हेर्न भएको थियो । त्यसैले मजदुर मैत्री कानुन बनाउनुभयो र त्यसले मजदुरहरूलाई अधिकार सम्पन्न बनायो । प्रजातन्त्र खोसिएपछि पुनः मजदुरहरूलाई सरिक गराएर कोइरालले जुन ढंगले आन्दोलनको नेतृत्व लिनुभयो त्यो अविस्मरणीय रहने छ ।



इन्दिरा कार्की
उपप्रमुख, विमनपा

गिरिजाप्रसाद कोइराला नेपाली राजनीतिका महानायक हुनुहुन्थ्यो । उहाँ नेपाली राजनीति र कांग्रेसका धरोहर हुनुहुन्थ्यो । उहाँ विराटनगर आउँदा सबै रोमाञ्चित हुन्थे किनकि विराटनगर आएपछि मुलुकमा केही नकेही नयाँ हुन्थ्यो । त्यसैले उहाँको सम्मानका लागि विराटनगरलाई राजनीतिक केन्द्र बनाउने जिम्मेवारी विराटनगरवासीको काँधमा छ ।



अब्दुल रहिम
सुनवर्षी ९ मोरङ

गिरिजाप्रसाद कोइराला बीपीको सिद्धान्तलाई अँगिकार गरेर अगाडि बढनुहुन्थ्यो । उहाँले कसैलाई कुनै किसिमको भेदभाव गर्नु हुन्नथ्यो । जातीय विभेद र छुवाछुतबाट मुक्त गराउनुभएको थियो ।



कृष्ण कार्की
सहमहामन्त्री, नेविसंघ

प्रजातन्त्र प्राप्तिको आन्दोलनमा कुसल नेतृत्व प्रदान गर्ने नेता कोइराला हुनुहुन्थ्यो । उहाँ कांग्रेसका साथै समग्र मुलुककै नेतृत्व गर्न सक्ने सक्षम र सफल नेता हुनुहुन्थ्यो । उहाँमा भएको नेतृत्व क्षमताले नै मुलुकलाई द्वन्द्वबाट निकास दिन र गुमिसकेको प्रजातन्त्र पुनःबहालीका लागि सबै दललाई मिलाएर आन्दोलनको नेतृत्व प्रदान गर्न सफल हुनुभयो ।



डिगबहादुर लिम्बू
सभापति, नेका मोरङ

देशको स्वाधिनताका लागि कोइरालाको योगदान अविस्मरणीय छ । यहाँसम्म आएको राजनीतिक परिवेशलाई शान्ति र समृद्धिको बाटोमा लग्नु सबैको दायित्व हो किनकि गिरिजाप्रसादले यही सन्देश दिएर जानुभएको छ ।



विभा दास
विराटनगर

कोइराला नेपालका परिवर्तनकारी र निरंकुश राजततन्त्र फाल्न सक्ने प्रभावशाली नेता हुनुहुन्थ्यो । उहाँले नै मधेस आन्दोलनलाई सम्मान गर्दै मुलुकमा संघीयता प्रदान गर्नुभएको छ । उहाँ संघीयता पक्षधर नेता हुनुहुन्थ्यो ।



राजेश गुप्ता
सदस्य, कांग्रेस मोरङ

कोइराला कुशल, योग्य, सक्षम र साहसिक व्यक्तित्व भएका नेता हुनुहुन्थ्यो । उहाँ कांग्रेसको मात्रै नभई सर्वमान्य नेता हुनुहुन्थ्यो । सबै पार्टीको साथ सहयोग लिएर आफ्नो नेतृत्वमा मुलुकलाई १० बर्षे माओवादी जनयुद्धबाट निकास दिनुका साथै निरंकुश राजा ज्ञानेन्द्रले हडपेको प्रजातन्त्र पुनःस्थापना गर्न सफल नेता हुनुहुन्थ्यो ।

प्रस्तुति : देवनारायण साह

छोटकरी

पत्रकारको पुस्तकमा 'पूर्वको राजनीति'

विर्तामोड (कास)- झापाको पत्रकारिता क्षेत्रमा तीर्थ सिग्देल क्रियाशील नाम हो । पत्रकारितासँगै पुस्तक लेखनलाई पनि उनले अघि बढाएका छन् । सुखानी सहिद स्मृति दिवसको अवसर पारेर गत फागुन २१ गते यिनले 'पूर्वको राजनीति' नामक पुस्तक सार्वजनिक गरेका छन् । अघिल्लो वर्ष 'जीवनको गति' लेखेका थिए । 'अघिल्लो पुस्तकको लोकप्रियताले दोस्रो पुस्तक लेख्न प्रेरित गऱ्यो', तीर्थले भने । पूर्वको राजनीतिमा उनले प्रदेश १ को समग्र राजनीतिलाई समेट्ने प्रयत्न गरेका छन् ।

पानी नपर्दा किसान चिन्तित

संखुवासभा (कास)- समयमै पानी नपरेपछि यहाँका कृषक चिन्तित बनेका छन् । विषेशगरी मकै छर्ने समयमा पानी नपरेपछि उनीहरू चिन्तित भएका हुन् । मकै छर्ने उपयुक्त मौसम फागुन र चैत महिनालाई मानिन्छ । पानी नपरेपछि अधिकांश कृषकले मकै छरेका छैनन् । सुख्खा माटोमा बीउ छर्दा फल पनि राम्रो नलाग्ने कृषकको भनाइ छ । अहिलेसम्म पानी पर्ने आशमा कृषकले बारी बाँझै राखेको मांतेवाका कृषक जयबहादुर राईले बताए । गत वर्ष पनि समयमै पानी नपर्दा कृषकले श्रमअनुसारको मकै उत्पादन गर्न नपाएको उनले बताए ।

बँदेल आक्रमणमा घाइते

उदयपुर (कास)- बेलका नगरपालिका ९ सिमलटार नजिकैको जंगलमा सोमबार बँदेलले आक्रमण गर्दा एक बालक गम्भीर घाइते भएका छन् । गाईवस्तु चराउन जगल गएका स्थानीय पूर्णबहादुर मगरका १२ वर्षीय छोरा सुनील मगर बँदेलको आक्रमणबाट घाइते भएका छन् । कोसी टप्पु क्षेत्रबाट आएको बँदेलले आक्रमण गर्दा बालक गम्भीर घाइते भएको सशस्त्र प्रहरी बल सुरक्षा बेसक्याप डुडखोलका प्रहरी निरीक्षक पशुपति पुरीले बताए ।

ज्येष्ठ नागरिकको अभिलेख राखिने

धनकुटा (कास)- महालक्ष्मी नगरपालिकाले ८० वर्ष नाघेका ज्येष्ठ नागरिकको भीडीयो अभिलेख राख्ने भएको छ । ज्येष्ठ नागरिकको अनुभव पछिल्लो पुस्ताका लागि सिकाइ हुन सक्ने भन्दै नगरपालिकाभित्रका ज्येष्ठ नागरिकको भीडीयो अभिलेख राख्ने तयारी गरिएको नगरपालिकाका प्रमुख पर्शुराम नेपालले बताए । 'ज्येष्ठ नागरिकप्रति सम्मान जनाउन पनि यो कार्य थालनी गरिएको हो', उनले भने, 'उहाँहरूको विगत र वर्तमानको अनुभव संग्रह गरिने छ ।' ज्येष्ठ नागरिकको जीवनमा उब्जिएका घटना, समाजमा उनीहरूको भूमिका, पेसा वा सामाजिक परिवेशमा उपस्थिति लगायतका पक्ष संग्रहणीय रहने गरी भीडीयो बनाइने छ । नगरपालिकाको बोर्ड बैठकले पारित गरी यथाशक्य चाँडै कार्य थालिने प्रमुख नेपालले बताए ।

६० घार मौरी सम्हाल्दै गोमादेवी

■ **अर्जुन राजवंशी**

दमक- हिम्मत नहारी परिश्रम गरे ग्रामीण क्षेत्रका महिलाले घरै बसेर मासिक ५० हजार रूपैयाँसम्म कमाउन सक्दा रहेछन् । यसको पछिल्लो उदाहरण बनेकी छन्, मोरङ उर्लाबारी नगरपालिका ९ राजघाटकी गोमादेवी दाहाल ।

व्यावसायिक रूपमा मौरीपालन गर्दै आएकी गोमादेवीले सबै खर्च कटाएर मासिक ५० हजार रुपैयाँ बचत गर्दै आएकी छन् । १७ वर्षदेखि निरन्तर मौरीपालन गर्दै आएकी उनले वार्षिक १५ लाख रुपैयाँको कारोबार गर्छिन् । १७ वर्षअघि एक घार मौरीबाट व्यवसाय सुरु गरेकी उनीसँग अहिले ६० घार मौरी छ । उनले आफ्नै घरमा 'राजघाट मौरीपालन उद्योग' स्थापना गरेकी छन् । उद्योगबाट उनले करिब एक हजार घार मौरी बिक्री गरिसकेको जानकारी दिइन् । सामान्य लगानीमा सुरु गरेको व्यवसायले राम्रो आम्दानी दिन थालेपछि गोमादेवीलाई सघाउन रोजगारीका लागि विदेशमा रहेका श्रीमान् घर फर्किएका छन् । जिल्ला कृषि विकास कार्यालय मोरङको सहयोगमा तालिम लिएपछि उनी यो पेशामा लागेकी हुन् ।

सुनसरीको तरहराबाट चार हजार ५ सय रुपैयाँमा किनेर ल्याएको एक घार मौरी बढ्दै गएर कुनै बेला एक सय ६० घारसम्म पुगेको थियो । सुरुवाती दिनमा घर परिवार र गाउँलेको आलोचना खेपेकी गोमादेवी अहिले सबैका लागि प्रेरणाको पात्र बनेकी छन् । मह र मौरीको घार बेचेर वार्षिक १५ लाखसम्मको कारोबार गर्दै आएको उनले बताइन् । त्यसमध्ये सबै खर्च कटाएर वार्षिक ७ लाखसम्म बचत हुने गरेको उनले सुनाइन् । यो सिजनमा उनीसँग १० क्विन्टल मह स्टक छ । उनीसँग तोरी र जंगलको मह छ । तोरीको मह छ सय तथा जंगलको मह प्रतिकेजी एक हजार रुपैयाँसम्म बेच्ने गरेको उनले बताइन् । उनको मह स्थानीय बजारहरूमै खपत हुने गरेको छ । 'पहिला नक्कली महले हामीलाई असर पुगेको थियो । तर, अहिले त्यस्तो समस्या छैन,' उनले भनिन्, 'उपभोक्ताहरूले सक्कली मह चिन्न थालिसकेकोले मेरो मह स्थानीय बजारमै खपत हुने गरेको छ ।'

सुरुवाती दिनमा उनले मौरी चरनमा निकै सास्ती खेपिन् । 'मौरी चरनमा लाने ठाउँ नै थिएन । कसैको बारीमा लादा फल फल्दैन भनेर मौरी चराउन दिदैन थिए,' उनले सुनाइन्, 'तर अहिले अवस्था फेरिएको छ । तोरीबारी, आँपघारी, लिचीघारीमा मौरी चराउँदा कसैले केही भन्दैन । यसले पनि मौरी पालनमा थप उत्साह थपिएको छ ।' सामान्यतया मौरीपालन पेसा पुरुषले गर्ने चलन छ । तर, गाउँमै पहिलो पटक गोमादेवी एक्लैले मौरीपालन गरेर हासिल गरेको उन्नतिले अन्य महिलाका लागि मार्गदर्शन बनेको छ । १२ वर्षसम्म विदेशमा रोजगारी गरेर फर्किएका उनका श्रीमान् गंगाराम अहिले गोमादेवीको सक्रिय सहयोगी बनेका छन् । उनले पत्नीको पेसाबाट आफू खुसी रहेको बताए । 'उनको पेसाबाट राम्रै आम्दानी भइरहेको छ । छोराछोरीलाई राम्रो शिक्षा दिन, घर घडेरी जोड्न तथा घरव्यवहार चलाउन राम्रो सहयोग पुगेको छ,' गंगारामले भने, 'सधैं विदेश बसेर हुँदैन । त्यसैले श्रीमतीले थालेको पेसालाई सघाउन म घर फर्किएँ ।' महिला भएर मौरीपालन पेसालाई एक्लो प्रयास र मेहनतमा यहाँसम्म ल्याइपुऱ्याए पनि राज्यले कुनै सहयोग नगरेकोप्रति उनले खिन्नता प्रकट गरिन् । 'महलाई आधुनिक रूपमा प्रशोधन गरेर विदेश पठाउन सकियो भने थप आम्दानी गर्न सकिन्थ्यो,' उनले भनिन्, 'सरकारसँग प्रशोधन मेसिन मागिरहेको छु । अहिलेसम्म मेरो आवाज कसैले सुनेका छैनन् ।' उनले अझैसम्म पानी उमालेर मह प्रशोधन गर्नु परिरहेको बताइन् । महलाई खुला र स्थानीय रूपमा लेभलिङ गरेर स्थानीय बजार, सहकारी तथा दूध डेरीहरूमा बेच्ने गरेको सुनाइन् । उनले उर्लाबारी क्षेत्रमा आफूसहित आधा दर्जन किसान मौरीपालन पेसामा आबद्ध रहेकाले यस क्षेत्रलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत मौरीपालन पकेट क्षेत्र घोषणा गर्नुपर्ने माग गरिन् ।



मोरङको उर्लाबारीस्थित बेतिनी सिमसार नजिकको जंगलमा चराउन ल्याएको अवस्थामा मौरीबारे जानकारी दिँदै गोमादेवी दाहाल । *तस्बिर : अर्जुन राजवंशी*


कृषि समूहबाट आत्मनिर्भर बन्दै

धनकुटा- नगरपालिका ४ माघाकी कालिमाया आठपहरिया आफ्नै गाउँमा गठन गरेको महिला कृषि समूहको सहयोगमा तरकारी खेतीबाट फाइदा लिइरहेकी छन् । स्थानीय महिलाको पहलमा गठन गरिएको हाडुवा महिला कृषि समूह मार्फत बिउ, मल र सिँचाइ सुविधा मिलेपछि उनी आत्मनिर्भर बनेकी हुन् ।

नगरपालिका ४ वडा कार्यालयमार्फत कृषि समूहलाई तरकारी तथा च्याउ खेतीका लागि सहयोग जुटेपछि स्थानीय महिलाको आर्थिक उपार्जन वृद्धि हुँदै गएको उनले बताइन् । 'विगतमा मल, बिउ र सिँचाइ अभावमा चाहेर पनि तरकारी खेती गर्न सकेको थिइनँ', आठपहरियाले भनिन्, 'आखिर हाम्रै पहलमा संगठित भएपछि केही गर्छु भन्नेका लागि चिन्ता लिनु नपर्ने भएको छ ।'

त्यसो त आठपहरिया सहित अन्य अधिकांश महिला तरकारी तथा च्याउ खेतीमा आकर्षित बनेका छन् । उनीहरू चार वर्ष पहिलेदेखि संगठित बनेका हुन् । १३ जना महिलाको पहलमा गठन भएको कृषि समूहले अघिल्लो महिना मात्रै आफ्नै बैठक घर समेत निर्माण गरिएको छ । तरकारी खेती अथवा अन्य कामका लागि सामान्य ब्याज दरमा समूहले ऋण उपलब्ध गराउँदै आएको समूहकी अध्यक्ष दिलकुमारी राईले बताइन् । अध्यक्ष दिलकुमारी सहित केही महिलाले त सामूहिक रूपमा व्यावसायिक च्याउ खेती समेत गर्दै आएका छन् । समूहको पहलमा आवश्यक पर्ने मल, बिउ, प्लास्टिक, पराल लगायतका वस्तु निःशुल्क उपलब्ध भएको सम्लग्न महिलाले बताए । यसैगरी स्थानीय इन्द्रकुमारी आठपहरियाले पनि महिला समूहको पहलमा आफू तरकारी खेतीमा संलग्न भएको बताइन् । विगतमा सिँचाइ अभावमा बारीमा उब्जाउ हुन नसकेको उनले जानकारी दिइन् । त्यस बेला बजारबाट तरकारी किन्नु पर्दा समस्या पर्ने गरेको उनले सुनाइन् ।









तपाईंको आज

मेष	पदोन्नति	तुला	प्रियजन भेट
वृष	केही लाभ	वृश्चिक	अपजस
मिथुन	कार्य सिद्धि	धनु	मनोकांक्षा पूर्ण
कर्कट	कर्म प्राप्ति	मकर	आलोचित हुने
सिंह	भाग्य वृद्धि	कुम्भ	शत्रु परास्त
कन्या	कान्ति क्षय	मीन	आर्थिक लाभ

भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल चैत ८ गते बिहीबार तदनुरुप २२ मार्च २०१८ चैत्र शुक्लपक्ष पञ्चमी तिथि दिनको २:८ बजेसम्म उप्रान्त षष्ठी तिथि, कृतिका नक्षत्र रात्रिको ६:२० बजेसम्म उप्रान्त रोहिणी नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:३२ बजेसम्म उप्रान्त प्रीति योग, कौलब करण रात्रिको १:१० बजेसम्म उप्रान्त तैतिल करण, वृष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	गुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	मार्ग दर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एस एन्ड एस (द रिन्यू शो)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	दवाक्क दुक्क
२:३०	कान्तिपुर समाचार
३:००	सरोकार
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एस एन्ड एस (हङ्गार हन्ट)
७:००	हर्के हलदार
८:००	कान्तिपुर समाचार
९:००	सुमनसँग
९:३०	मनि टक्स
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एस एन्ड एस (हङ्गार हन्ट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एस एन्ड एस (हङ्गार हन्ट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	हर्के हलदार
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	के आज घरमै

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेड लाइनर्स
७:३०	संरक्षण (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (साबिना)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (प्रज्वल)
१०:००	स्पोर्ट एन्ड डायरी
१०:०५	गजब छ बा (आशीष शाह/दुर्गाराज पाण्डे)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	टेस्ट बड (सञ्जय/धनिसा)
१२:००	कान्तिपुर डायरी
१२:१०	आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (प्रज्वल खड्का)
१४:००	इन्टरनेसनल डायरी
१५:००	कान्तिपुर डायरी
१५:१५	संगिठोमेढ़ी (रोबिन तामाङ)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	हेपी हावर (शुभराज अधिकारी)
१७:०५	इजुकेसन टक (गुप्तेन्द्र)
१८:००	आद्या अकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	आई लभ इट आई हेट इट (प्रज्वल/स्वर्ण)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	क्लोज अप कनेक्ट (सबिना)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ग्लोबल कनेक्सन (शुभराज अधिकारी)
२३:००	आजदेखि अर्को आजसम्म (प्रज्वल खड्का)
२४:००	आफ्नो भाका आफ्नो गीत (कृष्ण)
००:०१	कानूनी बहस र परामर्श (कमला पन्थी)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	९८५२०८९२०१
कोसी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५४१३४
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२००२४
वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३०६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२०९६८

एम्बुलेन्स

विराटनगर सेन्ट्रल	०२१-५३७००१
लाइफ्गार्ड अस्पताल, विराटनगर	९७४२०४२३३३
दुहबी जेसिज, सुनसरी	०२५-५४०४३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	९००/९८५२०२६७५०
इलाका प्रहरी कार्यालय, उर्लाबारी	५४०२९०/९८५२०२०१३६
इलाका प्रहरी कार्यालय, रंगेली	५८०२७०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी	०२५-५८०१०५/ ९८५२०२०१६१/१०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६६
टेकु अस्पताल	४२५३३०९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	११३४, ४२१७७६६, ४२१७७५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४१८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४५५१०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५१५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००६
नेपाल मिटर दबावकसी संघ	४२२३३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५५-२२२२ (Ncell)

एसियन कप छनोट

आशा साफलाई

■ सुबास हुमागाईं



नेपाली टोली

गोलरक्षक : किरण चेम्जोङ, विकेश कुथु र एलन न्यौपाने

डिफेन्डर : विराज महर्जन (कप्तान), अनन्त तामाङ, आदित्य चौधरी, दिनेश राजवंशी, रञ्जित धिमाल र देवेन्द्र तामाङ

मिडफिल्डर : रोहित चन्द, विशाल राई, हेमन गुरुङ, हेमन्त थापामगर, सुनील बल, सुमन लामा र सुजल श्रेष्ठ

फरवार्ड : विमल घर्तीमगर, नवयुग श्रेष्ठ, जर्जप्रिन्स कार्की र अञ्जन विष्ट ।

काठमाडौं- एएफसीबाट उपहारस्वरुप एसियन कप फुटबलको छनोट खेल्ने मौका पाएको नेपालले चैत १४ मा यमनको सामना गर्दै छ । सन् २०१६ को नोभेम्बरमा विश्वकप छनोटको पहिलो चरणबाटै बाहिरिएका राष्ट्रबीच भएको एएफसी सोलिडारिटी कपको उपाधि जितेपछि नेपालले यो अवसर पाएको हो । प्रतियोगिताको फाइनलमा नेपालसँग १-० ले पराजित मकाउले पनि सोही अवसर प्राप्त गऱ्यो ।

समूह चरणको अन्तिम खेलसम्म आइपुग्दा नेपाल ५ खेलमा २ अंक जोडै पुछारमा छ । नेपालको छनोट हुने सम्भावना समाप्त भइसकेको छ । उता मकाउ खेलेका सबै खेलमा हार बेहोर्दै अंकतालिकाको पुछारमै छ । एसियन कप छनोटमा अपेक्षाकृत प्रदर्शन गर्न नसके पनि नेपालले आफ्नो स्तर मापन गर्ने राम्रो अवसर पायो । घरेलु मैदानमा यमन र फिलिपिन्सलाई बराबरीमा रोकेको नेपालले ताजिकिस्तानसँग २-१ ले पराजित हुँदै सन्तोषजनक नतिजा हात पाऱ्यो । अबे मैदानमा भने नेपालको प्रदर्शन सुखद हुन सकेन ।

यमनविरुद्ध कतारको दोहामा हुने अन्तिम खेलमा नेपाल सकारात्मक नतिजासहित प्रतियोगिताबाट बिदा हुने दाउमा छ । तर विगतका खेलको तुलनामा नेपाल सम्भवतः सबैभन्दा कमजोर स्थितिमा छ । यसअघिका खेलमा नेपालले तयारीलाई लामो समय पाएको थियो । केही खेलअघि मैत्रीपूर्ण खेल र कुनै खेलमा वैदेसिक प्रशिक्षण पनि पाएको थियो । तर यसपालि खेलअघि नेपाली टोलीले एक साता पनि पूर्ण प्रशिक्षण गर्न पाएको छैन । मोफसलका प्रतियोगितामा ए डिभिजन क्लबहरू व्यस्त हुँदा प्रशिक्षक ग्योतोकु कोजीले समयमै खेलाडी पाएनन् ।

उपलब्ध खेलाडीको फिटनेसमा समस्या त छँदै छ, नेपाली टोलीले यसपल्ट महत्त्वपूर्ण केही सदस्यको पनि साथ पाउने छैन । नियमित उपकप्तान भरत खवास दोहोरो पहेँलो कार्डका कारण यमनविरुद्ध उपलब्ध हुँदैनन् । उनले ताजिकिस्तानमा ३-० को हार र फिलिपिन्ससँग गोलरहित बराबरी खेल्दा पहेँलो कार्ड पाएका थिए । यस्तै भरपर्दा मिडफिल्डर विक्रम लामा पनि चोटका कारण टोलीमा छैनन् । फागुनमा बुढासुब्बा गोल्डकपको फाइनलमा खुट्टा भाँचिएपछि शल्यक्रिया गराएका विक्रम अझै केही महिना मैदानबाहिर रहन्छन् ।

भर्खरै चोटबाट पुनरागमन गरेका डिफेन्डर रविन श्रेष्ठ प्रशिक्षणमा सामेल भए पनि कोजीले उनलाई टोलीमा समेटेका छैनन् । नेपाल पुलिस क्लबका लागि तिलोत्तमा गोल्डकपको तीन खेल खेलेका रविनमाथि प्रशिक्षक कोजीले जोखिम उठाउन चाहेनन् । मनाङ मर्स्याङदी क्लबका कमल श्रेष्ठ पनि पूर्ण फिट नहुनाले टोलीमा अटाउन सकेनन् ।

प्रशिक्षक कोजीले यमनविरुद्धको खेललाई सेप्टेम्बरमा हुने साफ च्याम्पियनसिप तयारीको रूपमा हेरेका छन् । 'हामीले केही महिनामै साफ च्याम्पियनसिप खेल्दै छौं । अहिले उपलब्ध खेलाडीलाई अध्ययन गर्न यो राम्रो अवसर हो । वर्तमान टोलीमा रहेको कमजोरी पत्ता लगाएर हामीले पछिका लागि त्यसको समाधान निकाल्न सक्छौं,' उनले भने ।

कोजीले यसपालि चार खेलाडीलाई टोलीमा फिर्ता बोलाएका छन् । थ्रीस्टारका लागि उत्कृष्ट प्रदर्शन गरिरहेका गोलरक्षक एलन न्यौपानेसँगै डिफेन्डरद्वय आदित्य चौधरी र देवेन्द्र तामाङ टोलीमा फर्किएका छन् । पुलिसको आक्रमणमा निर्णायक भूमिका निभाइरहेका फरवार्ड सुमन लामा पनि यसपालि टोलीमा फर्किए । समग्रमा टोलीमा युवा खेलाडीको प्रभाव रहनेछ ।

नेपालले यसअघि यमनसँग प्रतियोगिताको दोस्रो खेलमा गोलरहित बराबरी खेलेको थियो । हल्चोकस्थित एपीएफ रंगशालामा सम्पन्न उक्त खेलमा यमनका खेलाडीले रमादानको समयमा खेलेका थिए । तुलनात्मक नेपाली टोली शारीरिक रूपमा कमजोर भए पनि खेल भने प्रतिस्पर्धात्मक थियो ।

यमन अहिले समूहको दोस्रो स्थानमा छ । नेपाललाई पराजित गरेको खण्डमा यमनले एसियन कपमा स्थान पक्का गर्नेछ । त्यसैले पनि नेपालका लागि यो खेल थप कठिन बन्नेछ ।

विगत तुलनामा कमजोर तयारी, महत्त्वपूर्ण खेलाडीको अनुपस्थिति र विपक्षीको बलियो दावेदारीले यस खेलमा नेपालले सुखद नतिजा ल्याउने सम्भावना निकै कम रहेको आँकलन गर्न सकिन्छ ।

बिर्तामोडलाई भेट्रान कप

काँकडभिट्टा (कास)- काँकडभिट्टा भेट्रान फुटबल क्लबको आयोजनामा सम्पन्न इन्डो-नेपाल भेट्रान फुटबलको उपाधि बिर्तामोडले जितेको छ । स्थानीय काँकडभिट्टा मार्विको मैदानमा सम्पन्न फाइनलमा बिर्तामोडले सुरुङ्गा भेट्रान क्लबलाई ३-० ले पराजित गर्दै १ लाख २५ हजार रुपैयाँ पुरस्कार जित्यो । सुरुङ्गाले ५१ हजार पायो ।

सुरुको १० औं मिनेटमा बिर्तामोडका गणेश सुब्बाको पासमा सुवास आङ्थुपोले गोल गर्दै टोलीलाई अग्रता दिलाए । २३ औं मिनेटमा गणेशकै पासमा सुवासले दोस्रो गोल थप्दै विपक्षीलाई थप दबाबमा राखे ।

बिर्तामोडले दोस्रो हाफको २९ औं मिनेटमा सुवासको क्रसमा नरेन्द्रमणि लिम्बूले गोल गर्दै टोलीको जित निश्चित गरे । म्यान अफ द म्याच र सर्वाधिक गोलकर्ता बिर्तामोडका सुवास आङ्थुपो भए । खेलका सर्वोत्कृष्ट खेलाडी नरेन्द्रमणि लिम्बू, उत्कृष्ट फरवार्ड देवमान लिम्बू, उत्कृष्ट प्रशिक्षक नवीन लिम्बू र उत्कृष्ट डिफेन्डर मोहन गुरुङ (बिर्तामोड) भए । उत्कृष्ट मिडफिल्डरमा राकेश श्रेष्ठ (काँकडभिट्टा) र जेष्ठ खेलाडीमा कुमार सापकोटा (सुरुङ्गा) चुनिए भने फेयर प्ले टिम दार्जिलिङ बन्यो ।

देवदह र होराइजन सेमिफाइनलमा

बुटवल (कास)- सिद्धार्थ रंगशाला भैरहवामा जारी रूपन्देही टी-२० क्रिकेट प्रतियोगितामा मंगलबार देवदह क्रिकेट युनिट र न्यु होराइजन क्रिकेट क्लब बुटवल सेमिफाइनल पुगेका छन् ।

पहिलो खेलमा देवदहले ज्ञानोदय क्रिकेट क्लब करहियालाई १४ रनले हरायो । टस हारेर ब्याटिङ गरेको देवदहले ८ विकेट गुमाई १ सय १४ रन बनायो । कुशल भूर्तेलले २८, प्रकाश केसी र सन्दीप जोराले १३-१३ रन बनाए । ज्ञानोदयका कृष्ण पराजुलीले ३ र संगम थापाले २ विकेट लिए ।

यसअघि टस जितेको साई ग्लोबले १९.२ ओभरमा सबै विकेट गुमाई ८२ रनमात्रै बनायो । आशुतोष पासवानले ४२ र अजय रसाइलीले १६ रन बनाए । उसलाई सस्तैमा रोक्न बलिङमा होराइजनका कुशल मल्लले ४ र अनिल खरेलले २ विकेट लिए ।







'ओपनिङमै प्रमाणित गर्न चाहन्छु'



ज्ञानेन्द्र मल्ल, उपकप्तान

प्राविधिक हिसाबमा नेपालका सबैभन्दा निपुण ब्याट्सम्यान मानिएका ज्ञानेन्द्र मल्लका लागि पछिल्लो एक महिनामा भएको विश्व क्रिकेट लिग डिभिजन २ र विश्वकप छनोट बिर्सनलायक बन्यो । आफ्नो प्रदर्शनका हिसाबमै उनी यसलाई सम्झन चाहँदैनन् । नेपालबाट प्रमुख आस गरिएका यी ओपनिङ ब्याट्सम्यानले डिभिजन २ र विश्वकप छनोटका १२ खेलमा उनले १ सय ४२ रनमात्र बनाउन सके । आफूले प्रदर्शन दिन नसकेकामा उनलाई ग्लानि छ । यही मौकामा नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो । नेपाली टोलीका उपकप्तान ज्ञानेन्द्रसँग यसै सेरोफेरोमा *कान्तिपुर*का लागि **विनोद पाण्डे**ले गरेको कुराकानी :

नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पाउँदा टिममा लामो समय योगदान दिँदै आउनुभएका तपाईले यसलाई कसरी लिनुभएको छ ?

० मुख्य लक्ष्य कसरी टेस्ट मान्यता पाउने भन्ने थियो । त्यहाँसम्म पुग्ने वान-डे अन्तर्राष्ट्रिय मान्यता आधार हो । आफैले खेलिरहेको अवस्थामा नेपालको प्रतिनिधित्व गर्दै यो मान्यता पाउनु मेरा लागि गौरवको विषय पनि हो । जतिखेर हामी क्रिकेट खेल्थ्यौं त्यतिखेर यो किसिमको चहल-पहल नै थिएन । खेल्दै जाँदा ट्वान्टी-२० विश्वकप नै खेल्यौं । त्यस्तै वान-डे अन्तर्राष्ट्रिय मान्यता पनि अर्को चरणको सपना थियो । क्रिकेट खेल्दा यो सम्भव पनि थिएन र सोचेका पनि थिएनौं । विश्व क्रिकेट लिग डिभिजन ५ मा हुँदा यो सम्भावनै थिएन । आफ्नो सानोतिनो योगदानमा नेपाल यो स्थितिमा आइपुग्दा सन्तुष्ट लागेको छ ।

मैरै प्रदर्शनका कारण नेपाल विश्वकप छनोटको सुपर सिक्समा पुग्न सकेन जस्तो लाग्छ, यसमा म दुःखी छु ।

हिजोका दिनमा नेपालको ब्याटिङ पारस, शरद र तपाईमा मात्र भरपर्दै आउँदा कुनै दिन यहाँ पुगिन्छ भनेर सोच्नुभएको थियो ?

० हामी तीन जना मात्र चलेर यो स्थितिमा आएको भन्ने हुँदैन । हाम्रो क्रिकेट संस्कार अझै विकसित भइसकेको छैन । हामी अझै स्कोरकार्ड हेरेर मूल्यांकन गर्छौं । त्यसबाट बाहिर आउन जरूरी छ । टिममा सबैको आ-आफ्नो भूमिका हुन्छ । सामान्य उदाहरण के हो भने पारसले १ रन लिँदा नन स्ट्राइक एन्डमा रन नजोड्नेको पनि उत्तिकै भूमिका हुन्छ । ब्याट्सम्यानले जति रन बनाए पनि बलिङ र फिल्डिङले केही गर्न सकेन भने खेल जित्दा पनि जितिँदैन । हुनसक्छ हिजोका दिनमा हाम्रो योगदान बढी थियो, तर अरुलाई नकार्न मिल्दैन । हामीले बनाएको ४०-५० सय रन भन्दा उनीहरूले बनाएको १० रनको पनि त्योभन्दा बढी महत्त्व हुनसक्थ्यो ।



झलिट जोशी

वान-डे मान्यता पाउँदाको माहोल कस्तो थियो, सिनियर खेलाडी भएकाले त्यसलाई कसरी लिनुभयो ?

० वान-डे अन्तर्राष्ट्रिय मान्यता पाएको हो कि होइन भनेर ढुक्क हुनसकेका थिएनौं । यति मेहनत गरेर आइसक्यौं यो भन्दा तल झर्नु हुँदैन भन्ने थियो । एउटा खेल जित्यो भने वान-डे अन्तर्राष्ट्रिय दिए पनि नदिए पनि कम्तीमा हामी माथिल्लो स्तरमा पुग्थ्यौं । आयरल्यान्ड र अफगानिस्तान पनि टेस्ट राष्ट्र बनिसकेको अवस्थामा हामी एसोसिएटको शीर्ष चार राष्ट्रभित्र पर्थ्यौं । वान-डे अन्तर्राष्ट्रिय मान्यता अन्योल भए पनि अन्तरमहादेशीय कप र विश्व क्रिकेट लिग च्याम्पियनसिप खेल्ने निश्चित हुन्छ फेरि डिभिजन २ फर्कनुपर्दैन भनेर बसेका थियौं । हामीले पपुवा न्युगिनीलाई हराइसकेको र नेदरल्यान्ड्सले हङकङसँग विजय हात पारिसकेको थियो । हामी टीभीमा वेस्ट इन्डिज र अफगानिस्तानको खेल प्रत्यक्ष हेरिरहँदा कमेन्टेटरले बीच-बीचमा नेदरल्यान्ड्सले जितेपछि नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो भनेपछि मात्र हामी ढुक्क भयौं । पछि आईसीसीबाट यससम्बन्धी समाचार आयो । हाम्रो लक्ष्य नै भएकाले भाइबर ग्रुप 'मिसन ओडीआई स्ट्याटस' भनेर बनाएका थियौं । त्यसलाई ओडीआई स्ट्याटस बनाएर वान-डे अन्तर्राष्ट्रिय मान्यताको खुसी मनायौं । नयाँ खेलाडीको भविष्य देखेर खुसी लाग्यो । युवा खेलाडी भएकाले उनीहरू अझ जोसिला थिए, यसले छुट्टै सन्तुष्टि दिएको थियो । क्रिकेट अब नयाँ आउने पिँढीले पनि खेल्न पाउने भयो । त्यो पनि माथिल्लो स्तरमा भन्दा खुसी पनि थियो । मनमा चिसो पनि पस्यो । पाउन त पायो क्रिकेट संघ नै निलम्बनमा छ, ट्वान्टी-२० अन्तर्राष्ट्रिय पनि पाएको थियो तर त्यसको खासै प्रयोग गर्न सकेका थिएनौं । अब के हुन्छ भनेर मनमा बिझिरहेको थियो ।

नेपालको वान-डे अन्तर्राष्ट्रिय मान्यतामा तपाईले कस्तो किसिमको योगदान गर्न सक्नुहुन्छ भन्ने लागेको छ ?

० मैले दिने योगदान भनेको जहिले पनि देशका लागि केही गर्ने हो । त्यो भनेको आफूले भ्याए र शरीरले साथ दिएसम्म हो । योगदान भनेको खाली रन बनाउनमात्र होइन । मैले मैदानमा खेल्दा मात्र हुन्छ भन्ने पनि होइन । मैदानबाहिर पनि मैले क्रिकेटलाई कसरी एउटा एम्बासडरको रूपमा अगाडि लैजान सक्छु, क्रिकेटलाई कसरी संस्थागत गर्न सक्छु त्यो भूमिका बढी हुन्छ । क्रिकेट एउटा स्तरमा पुगिसकेको छ यसलाई निरन्तरता दिन खेलाडीको मात्र नभएर, प्रशंसक, एम्बासडर भएर मैदानभित्र र बाहिर अझै धेरै योगदान मैले गर्नुपर्छ जस्तो लाग्छ ।

नेपाल क्रिकेट संघ निलम्बनको अवस्थामा यो उपलब्धि जोगाउन त गाह्रो होला नि ?

० मेरो विचारमा संघ हुँदा र नहुँदाको फरक भनेको समन्वय गर्न गाह्रो र विकासको कुरामा असर परेको हो । संघ निलम्बन हुँदा हामी खेलिरहेका छौं । तर यसमा अलिकति असर परेको त छ । त्यसको मतलब वान-डे अन्तर्राष्ट्रिय मान्यता जोगाइराख्न संघ नै चाहिन्छ भन्ने होइन । क्रिकेटमा जो-जो सरोकारवाला हुनुहुन्छ उहाँले आफ्नो सानो दायित्व लिनुभयो भने पनि यो मान्यतासँगै नेपाली क्रिकेट अगाडि बढ्न सक्छ । संघ भनेको क्रिकेटको सर्वोच्च निकाय हो त्यो नहुँदा काम गर्न केही अप्ठ्यारो त पर्छ नै ।

नेपालको पहिलो वान-डे अन्तर्राष्ट्रिय मान्यता खेल को सँग होस् जस्तो लागेको छ ?

० जो सँग खेले पनि आफूले खेल्न पाउनु ठूलो हो । त्यो नै आफ्नो खेलजीवनको हाइलाइट्स हुनेछ । भारतसँग खेल्न पाए म सबैभन्दा खुसी हुनेछु । पहिलेदेखि क्रिकेट हेरेको भनेको भारतकै हो । सचिन तेन्दुलकरबाट प्रभावित हुने भइहालियो । केही तीतो अनुभवहरू पनि छ । भारतमा खेल्न जाँदा नेपालमा पनि क्रिकेट खेल्छ र भन्ने प्रश्न गर्थे । भारतसँग वान-डे अन्तर्राष्ट्रिय खेल्न भारतमै गइयो भने अब जवाफ दिइरहनुपर्दैन ।

नेपाली टोलीमा आरिफ शेख, सन्दीप लामिछाने, रोहित पौडेल, ललितनारायण राजवंशी जस्ता युवा खेलाडीको भूमिकालाई कसरी लिनुहुन्छ ?

० क्रिकेटमा जोस र खेलप्रतिको लगाव कति छ भन्ने पनि महत्त्वपूर्ण हुन्छ । त्यो जोसलाई सही ढंगले प्रयोग गर्न सक्यो भने नतिजा राम्रो आउँछ । डेढ वर्ष जस्तो अगाडि पनि मैले सोपमाल कामी, करण केसीलाई हेर्दा त्यस्तो अनुभव गरेको थिइनँ, तर उनीहरू अहिले सही बाटोमा देखिएका छन् । अहिले आउँदा भनेको कुराहरू बुझ्ने गरेजस्तो देखिन्छ । योजनाहरू बुझ्छन्, क्रिकेट ज्ञान बढाउँदै गएका छन् । रोहित र सन्दीप त अझै नयाँ नै छन् । उनीहरूको बुझाइ अझै तेज देखिन्छ । अर्को एक-डेढ वर्ष यही स्तरमा उनीहरूले खेलिरहेमा हाम्रो क्रिकेट सही दिशामा गइरहेको छ भनेर भन्नुपर्छ । प्रतिभा भएकै हिसाबले उनीहरूले त्यो अनुरुपको प्रदर्शन दिइरहेका छन् । एक्सपोजर कम भएकाले अझ पनि उनीहरूको खेल खुल्न पाएको छैन ।

धेरै जिम्मेवारी लिँदा खेलमा कत्तिको असर पर्छ ?

० पहिला पनि एउटा ब्याट्सम्यान, उपकप्तानको जिम्मेवारी लिएर खेलेकै हुँ । डिभिजन २ मा मेरो प्रदर्शन राम्रो भइरहेको थिएन । दिमागमा मैले राम्रो गर्नुपर्छ भनेर खेलिरहेको थियो । राम्रो स्कोर बनाउन नसके पनि अर्को एन्डबाट टिमलाई सहयोग गर्नुपर्छ भन्ने थियो । सुरुआत पनि राम्रै भएको थियो नभएको होइन । जिम्बावेसँग खेल्दा मेरो भूमिका पनि त्यही थियो एउटा एन्ड सम्हालेर खेल्नुपर्ने । ३२ रन बनाए पनि लय नभेटिरहेको जस्तो अनुभव भएको थियो । त्यसमा विश्वकप छनोटजस्तो प्रतियोगितामा टिमले हार्दा र आफ्नै ब्याटिङ नचलेर हार्दा अलिकति मानसिक तनाव भयो । त्यो दबाब भयो भन्दैमा राम्रो प्रदर्शन गर्न नसकेको भने होइन । विश्वकप छनोट भएकाले अलिकति छुट्टै दबाब थियो । आफूले प्रदर्शन गर्न नसकेकै कारण टिमले हार्दा नरमाइलो लाग्यो ।

जिम्बावेसँगको त्यो इनिङ्सपछि त दबाब अलिक कम हुनुपर्ने होइन ?

० टिम योजनाअनुसार मैले कम्तीमा १०-१२ ओभर टिकेर खेल्नुपर्ने थियो । कति बल खेल्यो भन्ने महत्त्वपूर्ण हुँदैन्थ्यो । मैले त्यहीअनुसार खेले पनि लय भेटाउन सकिनँ । स्कटल्यान्डसँग हाम्रो ब्याटिङ पतन नै भयो । मैले आफ्नो कमजोरी लुकाउन खोजेको त होइन, तर म त्यो खेलमा इनसाइड एज लागेर एलबीडब्लू आउट हुनपुगे । जिम्बावे र अफगानिस्तानलाई टक्कर दिने तथा स्कटल्यान्ड र हङकङलाई जितेर सुपर सिक्समा पुग्ने टिमको लक्ष्य थियो । तर पहिलो दुई खेल हारेपछि मनोबल झरेजस्तो भयो ।

इभेन्ट म्यानेजमेन्टतिर बढी ध्यान गएर तपाईको प्रदर्शन खस्केको भन्ने पनि छन् नि ?

० मैदानभित्र हुँदा पक्कै पनि मैले इभेन्ट सोचिरहेको हुन्न । मेरो जिम्मेवारी खेल्दा कसरी क्रिकेट राम्रो खेल्ने र मैदानबाहिर क्रिकेटलाई कसरी राम्रो गर्ने भन्ने हो । सबैको आ-आफ्नो बुझाइ र हेर्ने तरिका हुन्छ । मेरो सानो प्रयासले क्रिकेट भइरहेको छ, अगाडि बढ्छ भने किन नगर्ने । त्यसमा म खेलेको होस् वा नखेलेको होस् । विराट कोहली, महेन्द्रसिंह धोनीले खेल्दा खेल्दै फुटबलमा लगानी गरेका छन् । त्यसको मतलब उनीहरू पूरा व्यापारमै लागेको भन्ने होइन नि । नराम्रो चलिरहँदा मेरोबारेमा यस्तो आएको होला । तर मलाई त्यसले मेरो प्रदर्शन बिगारेको जस्तो लाग्दैन ।

तपाईको ढाड मुभमेन्ट भएन, निहुरिन सक्नुभएन भनेर विदशी मिडियामा आइरहेको छ, के हो कुरा । कतै तपाई चोट लिएरै खेल्नुभएको त होइन ?

० मेरो ढाडमा त्यस्तो केही समस्या छैन । खुट्टामा अलिकति सानो समस्या थियो, खेल्नै नसक्ने भने होइन । कसरी त्यस्तो आयो मलाई थाहा छैन । पूर्ण फिट भएरै खेलेको हुँ ।

तपाईको ब्याटिङमा पूरा टिमले भरोसा लिएको हुन्छ । पारस खड्का र मध्यक्रम चलेको अवस्थामा तपाईको ब्याटिङ अलिकति चलेको भए नेपाल सुपर सिक्समा पुग्न सक्थ्यो होला जस्तो लागेन ?

० एकदम लागेको थियो । स्कटल्यान्डसँगको खेलमा २ सय २० रनभन्दा माथि बनाएर स्पिनरले दबाब दिने भन्ने थियो । तर ब्याटिङ नै क्लिक हुन सकेन । १०-१२ ओभर म टिकेको भए पनि अरु ब्याट्सम्यानलाई कम दबाब पर्थ्यो । मैरै कारणले त्यो हुन नसकेको हो, त्यसको जिम्मेवारी म आफै पनि लिन्छु ।

यसले आरिफ र रोहितजस्ता युवा ब्याट्सम्यानलाई कस्तो दबाब पार्थ्यो ?

० दबाब त परिहाल्थ्यो । मैले उनीहरूलाई सबैभन्दा ठूलो अवसर तिमीहरूलाई छ तर तिमीहरू उल्टो सोचिरहेका हुन्छौ त्यस्तो सोच्नुहुँदैन भनेर भन्थें । युवा खेलाडी छौं हारेर गुमाउनु केही छैनौं भन्थें । पुराना खेलाडीलाई दबाब भए पनि तिमीहरूलाई अवसर हो भनेर सम्झाउने गर्थें । १० रन हाने पनि त्यो भन्दा बढी रन हाने पनि त्यसले भोलिको दिनमा आत्मविश्वास दिलाउने हो भनेर भन्थें । राष्ट्रको प्रतिनिधित्व गरिसकेपछि जुनियर खेलाडीले पनि खेल जिताउन सक्छन् नि ।

तपाईको ब्याटिङ नचल्दा टिमले कतिको हौसला दिन्थ्यो ? प्रशिक्षक, कप्तान, ब्याटिङ परामर्शदाताले के भन्थे ?

० टिमले कहिले पनि आउट अफ फर्म भयो खेल्न सकेनौं भनेर भनेन । मलाई स्पेस दिइरहेको थियो । कहिलेकाहिँ खराब फर्म हुन्छ भनेर भन्थो । ब्याटिङ परामर्शदाता उमेश पटुवालसँग मैले विगतमा प्रशिक्षण लिएको थिएँ । खेल्ने शैलीमा केही फरक छैन, खाली अहिले रन नलागेको मात्र हो । आत्मविश्वास देखिरहेको मात्र छैन । खेल्ने शटहरू ब्लक भएको हुनसक्छ । धेरै सोचेर हुनसक्छ । रन नहान्दा मनमा धेरै कुरा आउन सक्छ, त्यसमा ध्यान दिनु हुँदैन भन्नुहुन्थ्यो ।

भन्नाले तपाईलाई ओपनिङमा खेल्न गाह्रो भएको हो ?

० यो मलाई लाग्दैन । धेरैले मलाई किन ओपनिङमा ब्याटिङ गरेको फस्ट डन वा मध्यक्रममै ठीक थियो भनेर सुझाव दिन्छन् । अहिले मैले टिमले दिएको जिम्मेवारी पूरा गर्न नसकेको हो । २ वर्षदेखि ओपनिङ गरिरहेको थिएँ । त्यति बेला सबै ठीक थियो किन ओपनिङ गरेको भनेर कसैले भनेनन् । खेल्न नसक्दा धेरै प्रश्न आउँछन्, यसले खुसी पनि बनायो किनभने मलाई लिएर ध्यानाकर्षण हुँदोरहेछ । म अझै पनि ओपनरकै भूमिका प्रमाणित गर्न चाहन्छु ।





काठमाण्डौ महानगरपालिका
नगर कार्यपालिका
राजश्व विभाग

व्यवसाय कर तिर्ने बुझाउने सम्बन्धमा अत्यन्त जरूरी सूचना !

काठमाडौं महानगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरि स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा वा यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति वा संस्थाले व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान र लगानीका आधारमा वार्षिक व्यवसाय कर भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था रहेको अवगतै होला । यस आर्थिक वर्षमा व्यवसायीहरुको सुविधालाई ध्यानमा राखी मिति २०७४/१२/०१ गते देखि काठमाडौं महानगरपालिका अन्तर्गतका वडा नं. १ देखि ३२ वडाहरुमा स्थलगत रुपमा व्यवसाय कर टोली परिचालन भई सकेको छ । खटि आउने करटोलीले व्यवसाय स्थलमानै काठमाडौं महानगरपालिकालाई तिर्न बुझाउन पर्ने कर तिर्न अनुरोध गर्ने, कर आदेश जारी गर्ने, भर्पाई गरि राजश्व बुझिलिने अख्तियारी समेत दिईएको हुँदा टोली समक्ष आफ्नो विवरण पेश गरि व्यवसाय दर्ता तथा नविकरण गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ ।

"कर तिरौं सम्मानित बनौं,
सेवा प्राप्त गर्न हक सिर्जना गरौं"

कोटेश्वर बहुमुखी क्याम्पस
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

सूचना ! सूचना !! सूचना !!!

यस कोटेश्वर बहुमुखी क्याम्पसका सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूको भेला आयोजना गरी भूतपूर्व विद्यार्थी संघ (Alumni Association) गठन निम्न मिति, समय र स्थानमा हुन गइरहेकाले सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

मिति : २०७४/१२/१० गते शनिबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : कोटेश्वर बहुमुखी क्याम्पस ।

नोट: यो सूचना जसले हेरे पनि साथीहरूलाई जानकारी गराइदिनुभई सूचना सम्प्रेषणमा सहयोग गरिदिनुहोला र ३ दिनभित्रमा नाम टिपाइदिनु होला ।

- MBS भर्नाका लागि CMAT उत्तीर्ण विद्यार्थीहरूलाई यथाशीघ्र भर्ना भई दिनुहुन सूचित गरिन्छ । (सीमित सिट बाँकी)
- MBS प्रथम सेमेष्टरको कक्षा शुरू मितिः २०७४/१२/१२ गते सोमबार

सम्पर्क: ०१-४१५५१४५, ४१५५२६६, ९८५१०६७७७५

क्याम्पस प्रमुख

USA
5 YEARS MULTIPLE VISA
Conditions Apply
NO SPONSORSHIP REQUIRED
EASY DOCUMENTTATION/QUICK PROCESS
TheVideshyatra.com
Nepal's no-1 Business and travel management Service Brand
City Center: 01- 4011812/11, 9851081645 ,9802010249
We Assist and support Visa as Part Of Available program

TRAINING ON APPLIED ACCOUNTING
Including TAX,VAT & TDS
[Manual+Computerized]
Advanced EXCEL for Professionals
100% PLACEMENT ASSISTANCE
NIMe Pvt. Ltd.
Putalisadak (New Plaza)
T:4429329, 4429330
Cell: 9841388125

PhD Opportunity
Opportunity to study from globally recognized and UGC approved, renowned and top ranking Universities in India, Malaysia and UK.
Admission Open for March 2018 intake is going on for all subjects/ faculties.
PhD Centre
Koteshwor, Kathmandu
9841250385, 9860041678



Standard Chartered

समृद्ध जीवनको सुरुवात बचतका साथ ।

तपाईको मासिक किस्ताको भार कम गराउने विशेष आवास कर्जा योजना हामीले ल्याएका छौं ।

तपाईको अन्यत्र रहेको घर कर्जालाई हाम्रो विशेष घर कर्जा योजना अन्तर्गत पूर्णकर्जा लिई उल्लेख्य बचत गर्ने अवसरको फाईदा लिनुहोस् ।

बिशेषताहरुः
- ८.८८ %** वार्षिक व्याजदर (आधार दर + ३.०८ % प्रिमियम)
- सेवा शुल्क १.२५ % मात्र
- निःशुल्क धितो मुल्यांकन
- निःशुल्क कर्जा सूचना शुल्क
- निःशुल्क क्रेडिट कार्ड (जारी / पहिलो वर्षको शुल्क)
- निःशुल्क अनलाइन बैकिङ्ग सेवा (२ वर्षको लागि)

** कर्जा दर बैंकको आधार दर बमोजिम परिवर्तन हुने छ ।

थप जानकारीको लागि "MSO" टाइप गरी 98510-81000 मा SMS पठाउनुहोस् वा आफ्नो नजिकैको शाखामा सम्पर्क गर्नुहोला ।

यो योजना सीमित अवधीको लागि मात्र लागु हुने छ ।

यो विशेष योजनाका बारेमा आफन्त तथा साथीभाईलाई पनि जानकारी गराउनुहोस् ।

sc.com/np

Here for good

*शर्तहरु लागु हुनेछन् ।

\TBWA-SCB-03032018-18'

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रवन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा